श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उप-दफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री रत्न रेकर्डिङ्ग संस्थानको नाममा नेपाली गीत तथा संगीत भरी आउने डिस्क रेकर्डहरूमा लाग्ने भन्सार महसूल एक प्रतिशत मात्र लिने र बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी जर्मन नेपाल हेल्प एशोसियशन पश्चिम जर्मनीले नेपाल जेसिजलाई डी.एम. ११,६५८।७६ बराबरको एक्सरे मेशीनको केही पार्टपूर्जाहरू उपहार दिएकोमा सो पार्टपूर्जामा लाग्ने भन्सार महसूल पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।